**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १० अगस्त २०२३

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुलाई तिमोर लेस्तेको सबैभन्दा ठूलो नागरिक सम्मान **ग्रेंड कॉलर ऑफ ऑर्डर द्वारा** सम्मानित गरिएको छ।

२. प्रधानमंत्री नरेंद्र मोदीले भोलि नयाँ दिल्ली मा अधिक उपज भएको अनि जलवायु.अनुकूल तथा बायोफोर्टिफाइड फसलहरुको १ सय ९ किसिमको प्रजातिहरु जारी गर्नुहुनेछ।

३. पश्चिम बंगाल को मुख्यमंत्री ममता बनर्जीले कोलकाताको एउटा मेडिकल कॉलेजमा प्रशिक्षु डॉक्टरको हत्या भएको मामलालाई फास्ट-ट्रैक न्यायालयमा पुर्याउने निर्देश दिनुभएको बताउनुभएको छ।

४. बांग्लादेशमा चलिरहेको संकटको कारण पश्चिम बंगालको सुंदरबन क्षेत्रका समुद्री सीमाबाट अवैध प्रवेशका आशंकाहरुलाई ध्यानमा राख्दै राज्यको तटीय पुलिस पूर्ण रुपले सतर्क रहेको छ।

५. राज्यको राजधानी कोलकाता अनि अन्य जिल्लाहरुमा आगामी २४ घण्टाको अवधिमा हल्का देखि मध्यम वर्षा हुने संभावना मौसम विभागले व्यक्त गरेको छ।

**राष्ट्रपति.तिमोर**

राष्ट्रपति द्रौपदी मुर्मुलाई तिमोर लेस्तेको सबैभन्दा ठूलो नागरिक सम्मान **ग्रेंड कॉलर ऑफ ऑर्डर द्वारा** सम्मानित गरिएको छ। तिमोर लेस्तेको राष्ट्रपति **जोसे रामोस होर्ता ले डिलि मा राष्ट्रपति** पैलेसमा राष्ट्रपति मुर्मुलाई यो सम्मान प्रदान गर्नुभयो। राष्ट्रपति मुर्मुले राष्ट्रपति होर्ता अनि प्रधानमंत्री गुसमाओ सित द्विपक्षीय सहयोग बारे चर्चा पनि गर्नु भयो।

****** ० ******

**प्रधानमंत्री-फसल**

प्रधानमंत्री नरेंद्र मोदीले भोलि नयाँ दिल्ली मा अधिक उपज भएको अनि जलवायु.अनुकूल तथा बायोफोर्टिफाइड फसलहरुको १ सय ९ किसिमको फसलहरु जारी गर्नुहुनेछ। प्रधानमंत्रीले कार्यक्रमको अवधि किसानहरु अनि वैज्ञानिकहरुसित कुराकानी पनि गर्नुहुनेछ। यी फसलहरुमा ३४ खेती अनि २७ बागवानी फसलहरु शामेल छन्। खेतको फसलहरुमाए बाजराए चाराए दालए ऊखुए कपासए फाइबर अनि अन्य फसलहरु सहित विभिन्न अन्न-बालीका बीज जारी गरिनेछ। बागवानी फसलहरुमा विभिन्न प्रकारको फलए सब्जिए मसालाए फुल अनि औषधीय बिरुवाहरु शामिल छन्।

****** ० ******

**कोलकाता-डाक्टरको हत्या**

कोलकाताको सरकारी अस्पताल आर.जी. कर मेडिकल कलेजमा एकजना महिला स्नातकोत्तर प्रशिक्षु (पीजीटी) डाक्टरको हत्याको मामिलामा पुलिसले एक व्यक्तिलाई पक्राउ गरेको छ। पुलिसका एकजना वरिष्ठ अधिकारीले यसबारे जानकारी दिएका हुन्। पक्रा पर्ने व्यक्ति अस्पतालका विभिन्न विभागहरूमा कुनै रोक बिनै खुल्ला घुमिहिंड्ने बाहिरको व्यक्ति रहेको बताइएको छ।पुलिस अधिकारीले भनेएष्हामीले एकजना व्यक्तिलाई पक्राउ गरेका छौं जो अस्पतालदेखि बाहिरको हो। उसको गतिविधि अत्यन्तै संदिग्ध छ र उ नै यस अपराधमा सोझै रूपमा सामेल रहेको आशंका छ।" मामिलाको अनुसन्धान गर्ने क्रममा हिज राती पुलिसले अस्पतालका दुईजना इन्टर्न डाक्टरहरूसित पनि सोधपुछ गरेको छ। हिज सरकारी अस्पतालको सेमिनार हलमा महिला स्नातकोत्तर प्रशिक्षणार्थी डाक्टरको अर्धनग्न शव भेटिएको थियो। मृतक छात्ती रोग विभागका दोस्रो वर्षकी छात्रा थिइन् भने बिहीवार राती उनि

ड्यूटीमा तैनाथ थिइन्। शवमा चोटको निशान पनि पाइएको थियो। प्रशिक्षणार्थी डाक्टरको बलात्कारपछि हत्या गरिएको र यसलाई ढाकछोप गर्ने प्रयास भइरहेको मृतकाका पिताले आरोप लगाएका छन् ।पुलिस अनुसार प्रारम्भिक पोस्टमर्टम रिपोर्टमा महिला डाक्टरसित यौन शोषण भएको पुष्टि भएको छ। त्यसपछि उनको हत्या गरिएको हो।

****** ० ******

**डाक्टरको हत्या- विरोध**

राज्य सरकारद्वारा संचालित आर.जी. कर मेडिकल कलेज एवं अस्पतालमा भएको एकजना महिला स्नातकोत्तर प्रशिक्षणार्थी डाक्टरको हत्याको विरोधमा जनाक्रोश निरन्तर बढ्दै गइरहेको छ। यस घटनाको विरोधमा आरजीकर अस्पताल परिसरमा अस्पतालका प्रशिक्षणार्थी डाक्टर तथा अन्य कर्मचारीहरू धरनामा बसेका छन्। धरना प्रदर्शनको कारणले अस्पतालमा चिकित्सा सेवाहरू प्रभावित भइरहेका छन्। अर्कोतिर वामपन्थी विद्यार्थी संगठन एसएफआई अनि युवा एकाई डीवाईएफआईको तर्फबाट आज अनि भोलि पश्चिम बंगालभरि नै सड़क जाम गरेर यस जघन्य हत्याको विरोध गर्ने भएका छन् |

****** ० ******

**ममता-डाक्टर**

पश्चिम बंगाल को मुख्यमंत्री ममता बनर्जीले आज कोलकाताको आर.जी. कर मेडिकल कॉलेज एवं अस्पतालमा ३१ वर्षीय स्नातकोत्तर प्रशिक्षु डॉक्टरको हत्या भएको घटना दुर्भाग्यपूर्ण रहेको बताउनुहुँदै मामलालाई फास्ट-ट्रैक न्यायालयमा पुर्याउने निर्देश दिनुभएको बताउनुभएको छ। महिला डॉक्टरको शव राज्य सरकार द्वारा संचालित आर.जी. कर अस्पताल को सेमिनार हॉलमा हिज पाइएको थियो, जस पछि जूनियर डॉक्टरहरुले पीड़िताको लागि न्यायको मांग गर्दै विरोध प्रदर्शन शुरु गरे। मुख्यमंत्री बनर्जीले प्रशिक्षु डॉक्टरको परिवारसित कुराकानी गरी उचित कार्यवाही गरिने आश्वासन दिनुभएको छ। सुश्री बनर्जीले यो घटना दुर्भाग्यपूर्ण अनि घृणित रहेको बताउनुभोय। डॉक्टरहरुको विरोध तथा उनीहरुको मांग उचित रहेको तथा आफुले विरोध अनि मांगलाई समर्थन गर्ने कुरो पनि मुख्यमंत्रीले बताउनुभयो। आवश्यक परेको खण्डमा आरोपितलाई फांसी दिइने कुरो पनि ममता ब्यानर्जीले बताउनुभयो। उहाँले विरोध गरिरहेका डॉक्टरहरुसित रोगीहरुको चिकित्सा जारी राख्दै आफ्नो विरोध जारी राख्ने आग्रह पनि गर्नुभएको छ।

****** ० ******

**बांग्लादेश संकट :**

बांग्लादेशमा चलिरहेको संकटको कारण पश्चिम बंगालको सुंदरबन क्षेत्रका समुद्री सीमाबाट अवैध प्रवेशको आशंकाहरुको मध्यनजर, राज्यको तटीय पुलिसले पूर्ण रुपमा सतर्कता अपनाइएको छ । दक्षिण २४ परगना अनि उत्तर २४ परगना जिल्लाहरुमा भएका बंदरगाहहरुमा तटीय पुलिसद्वारा निरंतर निगरानी राखी रहेको छ| राज्य-पुलिस सूत्र अनुसार यस्तो आशंका छ कि अवैध प्रवासी आफ्नो नौकालाई स्थानीय मोटर चालित माछा पक्रने नौकाहरुका रूपमा प्रस्तुत गर्दै सुंदरबन क्षेत्र मा प्रवेश गरिने प्रयास गर्न सक्छ | विशेष रूप मा फ्रेजरगंज माछा पक्रने बंदरगाहलाई कडा निगरानीमा राखिएको छ | तटीय पुलिसकर्मी, त्यहाँ तैनात सीमा सुरक्षा बल (बीएसएफ) अनि भारतीय तटरक्षक बलका सदस्यहरुसित मिलेर काम गरीरहेका छन् | राज्य पुलिस सूत्रले बताएको छ स्थानीय जालहारीए बंदरगाह संचालकहरुलाई पनि सुरक्षा बलहरुलाई सहयोग गर्नका लागि अवैध प्रवासलाई विफल गराउनमा उनीहरुको भूमिकाको बारेमा जानकारी दिइरहेको छ |पश्चिम बंगाल पुलिसका एक वरिष्ठ अधिकारीले बताएका छन्-, कि जालहारीहरुलाई सलाह दिइएको छ यदि उनीहरुले समुद्री सीमा छेव कुनै अज्ञात वा संदिग्ध गतिविधिलाई देखे शीघ्र सुरक्षा कर्मीहरुसित संपर्क गरुन्।

****** ० ******

**विदेश सचिव नेपाल**

भारतीय विदेश सचिव विक्रम मिसरी नेपालको विदेश सचिव सीवा लम्सालको निमंत्रणमा दुइ दिनको यात्रामा भोलि नेपाल जानुहुनेछ। विदेश सचिवको यात्रा दुवै देश बीच नियमित उच्च स्तरीय आदान-प्रदानको परंपरा अनुसार भइरहेको छ। भारत अनि नेपाल बीच वर्षौं देखि सांस्कृतिक संबंध रहेको छ। हालको वर्षहरुमा नेपालमा प्रमुख बुनियादी ढांचा अनि कनेक्टिविटी परियोजनाहरुमा निरंतर गति सित दुवै देश बीच द्विपक्षीय सहयोग अझ सशक्त भएको छ। भारत सरकारको सहायताद्वारा नेपालमा कनेक्टिविटी परियोजनाहरु पूरा हुनको साथै नयाँ कार्यहरु शुरू गरिएको छ। विदेश सचिवको यस यात्राद्वारा भारत-नेपालको द्विपक्षीय

संबंधहरुलाई अझ आघि लैजाने अवसर प्राप्त हुनेछ।

****** ० ******

## HMI

दृढ़ता अनि सशक्तिकरणको उल्लेखनीय प्रदर्शनमा, रक्षा मन्त्रालय अन्तर्गत सञ्चालित दार्जीलिङ्ग स्थित हिमालय पर्वतारोहण संस्थान (HMI) ले कञ्चनजङ्घा राष्ट्रिय उध्यान देखि अफ्रिकी महादेशको सर्वोच्च शिखर किलिमन्जारोसम्मको अभूतपूर्व दिव्याङ्जन अभियान शुरु गरी सफलतापूर्वक चलाइरहेको छ। समूह क्याप्टेन जय किशनको नेतृत्वमा समर्पित दलले १५ हजार ५०० फिटको उँचाइमा रहेको किबो हट तथा १६ हजार ३ सय ४१ फिट अग्लो उहुरू पिकको सफलता पूर्वक चढ़ाई गरिसकेका छन्। समुह क्याप्टेन जय किशनले यस आरोहणलाई ऐतिहासिक उपलब्धिको रूपमा प्रशंसा गरेका छन्। यस असाधारण उपलब्धि मार्फत भारतीय स्वतन्त्रताको ७८ वर्ष मनाउँदै, HMI ले दिव्यांगजनका उपलब्धिहरू र सम्भावनाहरू प्रदर्शन गर्ने आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गरेको छ। यस अभियानले आगामी १९ अगस्ट सम्ममा अझ धेरै उपलब्धि प्राप्त गर्ने आशा गरिएको छ।

****** ० ******

## हात्तीको आक्रमण-शिवखोला

तीनधारे महानदी समष्टिको शिवखोलामा अवस्थित आईएनए मेमोरियल माध्यमिक विद्यालय भवनलाई जंगली हात्तीले क्षतिग्रस्त बनाएको जानकारी प्राप्त भएको छ। आज बिहान लगभग 3- 4 बजे विद्यालयको मुख्य द्वार तोडेर जंगली हात्ती भित्र पसेर स्कूलको भित्ता पनि भत्काई दिएको बताईएको छ छ। यसको साथै आईएनए स्कूलको नजिकमा रहेको प्राथमिक पाठशालाको भान्सा घर पनि तोड़फोड़ गरि भित्र पसेर विद्यार्थीहरूको मिड डे मिलको चामल सबै खाई दिएको बिद्यालयका प्रधान अध्यापिका रूथरानी राईले बताएका छन्।

****** ० ******

## मदारीहाट- हात्तीको आक्रमण

अलिपुरद्वार जिल्लाको मदारीहाटमा फेरि जंगली हात्तीले आक्रमण गरेको घटना प्रकाशमा आएको छ। यो घटना हिज अबेर राती भएको हो। यस घटनामा एउटा रिसोर्ट पूर्ण रूपले क्षतिग्रस्त भएको छ। तर कुनै प्रकारको जनहानि भएको समाचार भने छैन ।सूत्र अनुसार अबेर राती जलदापाड़ा नेशनल पार्कको जंगलबाट आएको एउटा हात्ती मादरीहाटको आवासीय क्षेत्रमा पसे पछि हात्तीले भोजनको खोजीमा रिसोर्टमाथि आक्रमण गर्‍यो। घटनामा मानिसहरू भाग्यले बाचेको बताईएको छ। यता घटनाको सूचना पाएर जलदापाड़ा वन विभागका कर्मचारीहरू घटनास्थलमा पुगे अनि हात्तीलाई जंगलतिरै खेद्न सफल भए। मादरीहाट क्षेत्रमा पटक-पटक हुने गरेको जंगली हात्तीको आक्रमणले गर्दा मानिसहरू भयभित भएका छन्।

****** ० ******

## मौसम

राज्यको राजधानी कोलकाता अनि अन्य जिल्लाहरुमा आगामी २४ घण्टामा हल्का देखि मध्यम वर्षा हुने संभावना मौसम विभागले व्यक्त गरेको छ। मौसम विभाग अनुसारए कोलकाताको अधिकतम तापमान ३२ डिग्री सेल्सियस अनि न्यूनतम तापमान २७ डिग्री सेल्सियस रहने संभावना व्यक्त गरिएको छ। बंगालको अन्य जिल्लाहरुमा पनि मौसम यस्तै बनी रहने विभागले बताएको छ। उत्तर बंगालको अलीपुरद्वारए कूचबिहारए जलपाईगुड़ीए दार्जिलिंग अनि कलेबुङ्गमा यद्धपी लगातार वर्षा को क्रम जारी रह सक्ने अनुमान पनि मौसम विभागले व्यक्त गरेको छ।

****** ० ******